

# विश्वस्तरमा अनुकूलित व्यवस्थापन: तथ्याङ्कमा आधारित रहेर ५ वर्षे स्थानीयकरण परियोजनामा समायोजन

## आवश्यकता पहिचान

मानवीय सहयोगका क्षेत्रमा महिलाको आवाज तथा नेतृत्व (WHS) एउटा नवीन कार्यक्रम हो। यो कार्यक्रम अफगानिस्तान, कोलम्बिया, प्रजातान्त्रिक गणतन्त्र कङ्गो (डीआरसी) र नेपालमा महिलाले नेतृत्व गरेका संस्थाहरूलाई क्षमता आदानप्रदान, सिकाइ, पैरवी र अनुदान प्रदानमा केन्द्रित रहेको छ। प्रत्येक देशमा, क्षेत्रीय सञ्जाल भएको महिलाले नेतृत्व गरेको अगुवा साझेदार संस्थाले १५ वटा सामुदायिकस्तरका महिलाले नेतृत्व गरेका संस्थाहरूको समूहसँग मिलेर काम गर्नेछन् र परियोजनाभर निरन्तर सहयोग प्रदान गर्नेछन्। यस दोस्रो वर्षको कार्यान्वयनसम्बन्धी जानकारीले परियोजनाको महत्वपूर्ण विकासलाई देखाउँछ।

दोस्रो वर्षमा, प्रत्येक देशका अगुवा साझेदार संस्थाले आफ्ना समूहमा पहिलो वर्षकै क्षमता आदानप्रदान गतिविधिलाई निरन्तरता दिएका थिए, साथै तेस्रो वर्षमा समूह सदस्यहरूलाई दिइने उपअनुदानका लागि तयारी समेत गरेका थिए। परियोजनाको प्रारम्भिक योजनाअनुसार, प्रत्येक देशमा समूहका महिलाले नेतृत्व गरेका संस्थाहरूमध्ये ४ वटा सबल संस्थालाई तेस्रो वर्षमा दुई वर्ष समयावधिका लागि ६० हजारदेखि ९० हजार अमेरिकी डलरसम्म उपअनुदान प्रदान गरिने थियो। समूहका बाँकी सदस्यलाई अनुदान नदिने तर क्षमता विकासमा निरन्तर सहयोग गर्ने योजना थियो। अनुदान प्राप्त गर्ने संस्थाहरूले आ-आफ्ना सिकाइलाई मजबुत बनाउने, गतिविधिहरू विस्तार गर्ने, कर्मचारी विकास गर्ने र अनुदान व्यवस्थापनसम्बन्धी महत्वपूर्ण अनुभव हासिल गर्ने अपेक्षित उद्देश्य थियो। अर्कोतिर, यस संरचनाले क्षमता सुदृढीकरण मात्र गरिनुभन्दा क्षमता सुदृढीकरणसँगै अनुदानमा पनि पहुँच हुनु धेरै प्रभावकारी हुन्छ भनी देखाउने ठोस प्रमाणहरू सिर्जना गर्ने सोच राखेको थियो।

तर समूहका सदस्यहरूसँग एक वर्ष काम गरेपछि, महिलाले नेतृत्व गरेका संस्थाहरूले प्रस्तावित उपअनुदान संरचनामा केही समस्याहरू रहेको पाए। प्रत्येक देशका चारवटा संस्थालाई मात्र उपअनुदान दिँदा यसले समूहको ऐक्यबद्धतामा खलल पुग्ने, प्रतिस्पर्धा सिर्जना गर्ने, अनुदान नपाउनेमा असन्तोष बढेर परियोजनाबाट बाहिरिन सक्ने र परियोजनाकै प्रभावकारितामा जोखिम आउने धारणा उनीहरूले व्यक्त गरेका थिए। साथै, चारवटा सबभन्दा सबल संस्थालाई मात्र उपअनुदान दिँदा यसले “सबल” क्षमताको परम्परागत परिभाषाको भाष्य परिवर्तन गर्ने आफूहरूको अभिप्रायसँग मेल नखाने र अग्रपङ्क्तिमा रहेर प्रभावकारी प्रतिकार्य गर्दै आएका समुदायस्तरका महिलाले नेतृत्व गरेका संस्थाहरू पाखामा पर्ने अवस्था आउने कुरामा पनि उनीहरू एकमत देखिए। त्रैमासिक पृष्ठपोषण सर्वेक्षण र तथ्याङ्क सङ्कलनका अन्य प्रक्रियाहरूको समयमा महिलाले नेतृत्व गरेका संस्थाहरूले परियोजनाले क्षमता अभिवृद्धि गर्ने अपेक्षाहरू पूरा गर्न सक्ने गरी सहयोग कोषहरूको आवश्यकता रहेको व्यक्त गरिरहेका थिए। यसर्थ, साझेदारहरूले संस्थाहरूलाई दुई उपसमूहमा (चार अनुदान प्रापक संस्था र एघार अनुदान प्राप्त नगर्ने संस्था) बाँड्दा हुने लाभ विश्लेषणले अनुदान नपाउने संस्थाहरू निरुत्साहित हुने सम्भावित नकारात्मक परिणामको औचित्य सिद्ध नगर्ने निष्कर्ष निकाले।

*“यस क्षेत्रमा सहयोग प्रदान गरी हामीलाई हाम्रा वार्षिक कार्ययोजना कार्यान्वयन गर्न सहयोग गर्नु जरुरी छ। यी कार्यका लागि हामीलाई आर्थिक रूपमा नै सहयोग गर्नु हाम्रो संस्थाका लागि अत्यावश्यक कुरा हो।” – कोलम्बियाको समूह सदस्य, डिसेम्बर २०२३, पृष्ठपोषण सर्वेक्षण*








## उदाहरण निर्माण

पहिलो वर्षको कार्यान्वयनबाट प्राप्त तथ्याङ्क र बुझाइका आधारमा परियोजनामा परिमार्जन आवश्यक देखिएपछि, महिलाले नेतृत्व गरेका संस्थाहरूले स्वायत्त रूपमा सहकार्यमूलक ढङ्गले उपअनुदान योजना पुनः तर्जुमा गरी यस परिमार्जित संरचनालाई दाताको रूपमा रहेको युएसएआईडीको मानवीय सहायता विभागमा प्रस्ताव गरेका थिए। यस परियोजनामा महिलाले नेतृत्व गरेका संस्थाहरूको दातासँग प्रत्यक्ष सम्बन्ध भएकाले, उनीहरूले यो प्रस्तावलाई त्रैमासिक रूपमा हुने बैठकको समयमा मानवीय सहायता विभागमा सोझै प्रस्तुत गर्न सकेका थिए। दाताको समर्थन र सहयोगसँगै, साझेदारहरूले हरेक समूह सदस्यलाई केही कोष उपलब्ध गराउने, तर तुलनात्मक विश्लेषणका लागि उपसमूहहरूलाई भने कायम राख्ने उपाय खोज्न मिलेर काम गरे।

अन्तिम निर्णयअनुसार, समूहका सदस्यहरूलाई दुई वर्षका लागि तीन तहको उपअनुदान उपलब्ध गराउने योजना बनाइयो। सोअनुसार, प्रत्येक देशमा एउटा उपसमूहका चार संस्थाले अझै पनि अनुदानको ठूलो हिस्सा (४० देखि ५० हजार अमेरिकी डलर) प्राप्त गर्नेछन्, अर्को उपसमूहले सानो अनुदान (१० देखि १५ हजार अमेरिकी डलर) प्राप्त गर्नेछ, र बाँकीले सानो सहयोग कोष (५ देखि ७ हजार अमेरिकी डलर) प्राप्त गर्नेछन्।

नयाँ "ठूलो" अनुदानको आकार पहिले प्रस्ताव गरिएको भन्दा धेरै सानो भए पनि, महिलाले नेतृत्व गरेका संस्थाहरूले आ-आफ्नो परिवेशमा ४० देखि ५० हजार अमेरिकी डलर अझै पनि उल्लेख्य रकम रहेकोमा सहमत जनाएका थिए। यो रकमले उनीहरूको संगठनात्मक विकासमा महत्वपूर्ण फरक पार्न सक्छ र समुदायस्तरमा क्रियाकलापको सहज कार्यान्वयनमा सहयोग गर्दछ। साथै, यस परिवर्तनलाई संस्थाहरूले समर्थन गरे। किनभने, योग्यताको परम्परागत आवश्यकताहरू जे भए पनि अनुदानका अवसरहरूमा समुदायस्तरका संस्थाहरूलाई समावेश गर्ने यो प्रक्रिया नै एक रूपान्तरणकारी अभ्यास थियो। यसले सबभन्दा स्थानीय र संरचनागत रूपमा सीमान्तकृत भएका समूहहरूसम्म स्रोतलाई पुर्‍याइएको थियो।

## प्रक्रियाको सिकाइ

*"चारवटा देशहरू बिच समन्वय गरेको यो मेरो पहिलो अनुभव हो। यस क्रममा महिलाले नेतृत्व गरेका संस्थाहरूका विशेष प्रकारको क्षेत्रीय चुनौतीहरूलाई सम्मान गर्दै सहमति निर्माणका लागि विविध परिवेश र आवश्यकताहरूलाई अध्ययन गर्ने अनुभव प्राप्त भयो। यस प्रक्रिया अत्यन्त सशक्त बनाउने प्रक्रिया रहेको छ, जसले हामीजस्ता संस्थाहरूलाई हाम्रो समुदाय स्तरको ज्ञान र अनुभवका आधारमा परियोजनाको स्वरूपमा प्रभाव पार्ने अवसर प्रदान गर्‍यो। महिलाले नेतृत्व गरेको संस्थाको प्रतिनिधिको रूपमा, मैले यस सम्पूर्ण यात्रामा हाम्रो ज्ञान र अनुभवले मान्यता, मूल्य र कदर पाएको मैले महसुस गर्न पाएँ।" – नेपालको महिलाले नेतृत्व गरेको संस्था, महिला पुनर्स्थापना केन्द्र (ओरेक)*

यो अभ्यास परियोजनाका मुख्य साझेदारहरूका लागि महत्वपूर्ण उपलब्धि थियो। किनभने उनीहरूले परियोजनाका सहभागीहरूबाट प्राप्त प्रत्यक्ष पृष्ठपोषणका आधारमा अनुकूलित व्यवस्थापनको अभ्यास गरे र परिवर्तनलाई वास्तविकतामा रूपान्तरण गर्न दाता र एकअर्कासँग मिलेर काम गरे। यसले परियोजना शतप्रतिशत लचिलो हुनुको र परियोजना चक्रको कुनै पनि चरणमा यस प्रकारका समायोजन गर्न मिल्ने बनाउनुको महत्वलाई देखाउँछ। यसले परिवर्तनप्रति दाताको खुलापनको महत्वलाई पनि उजागर गर्दछ। उपअनुदान संरचना स्वीकृत भएपछि, अगुवा साझेदार संस्थाले समूहका सदस्यहरूलाई तीन तहको कोषमा राख्नका लागि सहभागितामूलक, पारदर्शी छनोट प्रक्रिया पूरा गरे। समूहका सदस्यहरूले केही मात्रामा आर्थिक सहयोग पाउने कुराप्रति आभार र उत्साह व्यक्त गरेका छन्। महिलाले नेतृत्व गरेका संस्थाहरू र युएसएआईडीको मानवीय सहायता विभागले आउँदो वर्षहरूमा उपअनुदानका यी सबै तीनवटै तहका नतिजाहरू हेर्न उत्साहका साथ पर्खिरहेका छन्।